नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा

# चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।१२।०१)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०७८।११।३० मा बसेको सञ्चालक समितिको ९४२ औं बैठकको निर्णय अनुसार कम्पनीको चौधौं वार्षिक साधारणसभामा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने निर्णय भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १० को उपविनियम (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको कार्यक्रम**

मिति २०७८/१२/२४ गते बिहिबार ( तदनुसार ७, अप्रिल २०२२)

समयः दिनको ११:०० बजे ।

स्थानः त्रिभुवन आर्मी अफिसर्स क्लव, टुँडिखेल, काठमाण्डौं ।

**छलफलको विषयः**

**१. साधारण प्रस्तावः**

क) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) लेखा परीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था अनुसार श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५(घ) को प्रावधान अनुरुप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७८/७९ को लागि कम्पनीको लेखा परीक्षक नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने तथा नियुक्तीका अन्य सर्तहरु निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भए पश्चात आ.व.२०७७/७८ को कम्पनीको मुनाफा रकम मध्येबाट शेयरधनीहरुलाई प्रति शेयर रु.२०।- (अक्षरेपी बिस रुपैयाँ मात्र) का दरले नगद लाभांश (बोनस शेयरमा लाग्ने लाभांश कर समेत) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**२. विशेष प्रस्तावः**

क) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १६ संग सम्बन्धित अनुसूची १ मा संशोधन गर्ने ।

ख) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति भए पश्चात कम्पनीको आ.व. २०७७/७८ को मुनाफा रकम मध्येबाट कम्पनीका शेयरधनीहरुलाई प्रत्येक १०० कित्ता शेयर बराबर २० कित्ताको अनुपातमा बोनस शेयर जारी गरी कम्पनीको जारी तथा चुक्ता पुँजी रु.१८,००,००,००,०००।- (अक्षरेपी अठार अर्ब) पुरयाउने प्रस्ताव पारित गर्ने ।

**३. विविधः**

सञ्चालक समितिको आज्ञाले

राजेन्द्र श्रेष्ठ

कम्पनी सचिव

**कम्पनीको वार्षिक साधारण सभा सम्वन्धी थप जानकारी:**

१. कम्पनीको १४औं वार्षिक साधारणसभा प्रयोजनार्थ मिति २०७८ साल चैत्र ११ गते देखि मिति २०७८ साल चैत्र २३ गतेसम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द गरिने छ। साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८ साल चैत्र १० गते सम्म नियमानुसार कारोबार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ।

२. वार्षिक साधारण सभामा भागलिन उपस्थित हुने शेयरधनीहरुले आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) वा शेयर प्रमाणपत्र वा शेयरधनीहरुको BOID Statement अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध गरिन्छ।

३. वार्षिक साधारण सभामा भाग लिन शेयरधनी आफै उपस्थित हुन नसकेको खण्डमा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सक्नेछ। प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०७८/१२/२२ गते अपरान्ह ५ बजेभित्र कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ। एक भन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ।

४. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभाहुने दिन हाजिरपुस्तिका खुल्नु अघि सभास्थलमा आई लिखित सूचना दिनु पर्ने छ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी महानुभावको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिती पुस्तिका विहान १० बजेदेखि खुल्ला रहनेछ।

६. शेयरधनी महानुभावहरुको ठेगानामा पठाइने कम्पनीको चौधौ वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको website: www.ntc.net.np मा पनि हेर्न सकिनेछ। कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरुले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाण्डौंबाट परिचय खुल्ने कागजात पेश गरी लिन सक्नु हुनेछ।

७. नावालक वा विक्षीप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिईनेछ।

८. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा काठमाण्डौंमा लिखित जानकारी दिनु पर्नेछ। त्यसरी लिखित जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन।

९. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपमा जवाफ दिइनेछ।

१०. स्वास्थ्य सुरक्षाको दृष्टिकाणले शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा अनिवार्य रुपमा मास्कको प्रयोग गरि दिनुहुन साथै झोला, पोका जस्ता बस्तुहरु नलिइ आउन हुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ।

११. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाण्डौमा सम्पर्क गर्नु हुन समेत अनुरोध छ।